# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ८) गोकर्णेश्वर, माघ ५ गते, २०८१ साल संख्याः९


## भाग १

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गोकर्णेश्वर नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ (प्रथम संसोधन)

सम्वत् २०८१ सालको ऐन नं. ३


मूल्य रु : १०/-

# गोकर्णेश्वर नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ (प्रथम संसोधन)

## प्रस्तावना :

गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकूद, विकास वा परोपकारी संस्थ स्थापना तथा दर्ता गर्न कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी जवाफदेही र पारदर्शी बनाउँदै नगरपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ (ठ) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो ऐनको नाम **"गोकर्णेश्वर नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०"** रहेको छ।

२. यो ऐन तुरुन्त लागू हुनेछ।

३. यो ऐन गोकर्णेश्वर नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

## २ परिभाषा र व्याख्या :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. **“नगरसभा”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ख. **“नगरपालिका”** भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्छ ।

ग. **“प्रमुख”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

घ. **“उप-प्रमुख”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनुपर्छ ।

ङ. **“स्थानीय अधिकारी”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयले तोकेको व्यक्तिलाई सम्झनुपर्छ ।

च. **“संस्था”** भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, भौतिक विकास, पर्यावरण संरक्षण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, महासंघ,बालक्लव,क्लब, आमा समूह, महिला समूह, टोल विकास संस्था, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

छ. **“दातृ निकाय”** भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय बिकास साझेदारीलाई सम्झनु पर्दछ ।

ज. **“अन्तर्राष्ट्रिय गैर सरकारी संस्था”** भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ ।

झ. **“कार्य समिति”** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति वा कार्य समितितलाई सम्झनुपर्छ ।

ञ. “विधान” भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

ट. “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए कमोजिम बमोजिम सम्झनु पर्छ ।

## ३. दर्ता नगरी संस्था खोल्न नहुने :

१. यस ऐन बमोजिम गोकर्णेश्वर नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाईने छैन ।

२. प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस नगरपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउँदा यस नगरपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ । स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

## ४. संस्थाको दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था :

१. यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको २(दुई) प्रति र तोकिएको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

क) संस्थाको नाम र ठेगाना

ख) उद्देश्यहरु,

ग) संस्थाको कार्यक्षेत्र र विषय

घ) कार्यसमितिका सदस्यहरुको नाम, ठेगाना र तीनपुस्ते विवरण,

ङ) श्रोत साधन सम्बन्धी विवरण,

च) कार्यालय खोल्ने ठेगाना,

छ) पदाधिकारीहरुको नेपाली नागरिकता को प्रमाण-पत्रको प्रतिलिपी ,

२. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र ।

३. उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छनविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनेछ ।

४. प्रचलित कानून बमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरु यस ऐन बमोजिम दर्ता/सूचीकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखि निवेदन दिनुपर्नेछ । संस्थाको नामबाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

५. उपदफा (३) बमोजिम संस्था दर्ता गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा तोकिए बमोजिम वर्गीकरण गरिनेछ ।

६. यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता, नवीकरण र दस्तुर तोकिए बमोजिम हुनेछ । *

७ उपदफा (३) बमोजिम दर्ता भएका संस्थाले पुनः सम्बन्धित वडा वा नगरमा दर्ता गराउन पाउने छैन वा अन्य कसैले पहिले दर्ता भैसकेको संस्थाको नाम संग जुध्ने गरी संस्था दर्ता गराउन पाउने छैन । उक्त कार्य गरेमा संस्था स्वतः बदर हुनेछ ।

८ केन्द्रिय स्तरमा दर्ता रहेका संस्थाहरुले यस नगरपालिका भित्र संस्था सुचीकृत हुनका लागि उक्त संस्थाको केन्द्रीय निर्णय र सिफारिस पत्र अनिवार्य रुपले उपलब्ध गराउनुपर्नेछ । *

## ५. संगठित संस्था मानिने :

१. यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामका निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२. संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

३. संस्थाले व्यक्ति सरह आप्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ । *

### *५.(क) संस्था दर्ता गर्न इन्कार गर्न सकिने :*

१. देहायको कुनै अवस्थामा कार्यालयले संस्था दर्ता गर्न इन्कार गर्न सक्नेछ

क. प्रस्तावित संस्थाको नाम नगर वा सम्बन्धित वडामा अघि दर्ता भई कायम रहेको कुनै संस्थाको नामसंग मिल्ने भएमा ।

ख. प्रस्तावित संस्थाको नाम वा उद्देश्य प्रचलित कानून विपरीत भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार आदि कुनै दृष्टिकोणले अनुपयुक्त भएमा ।

***५ (ख) नविकरण सम्बन्धमा***

१. यस ऐन अन्तर्गत दर्ता भएका संस्थाहरुले वार्षिक रुपमा अनिवार्य नविकरण गर्नु पर्नेछ । नविकरण गर्ने म्याद आर्थिक वर्ष सुरु भएको ३ (तीन) महिना हुनेछ । र सूचीकृत संस्थाले माउसंस्थाबाट नविकरण गरिदिने भन्ने वारे पत्र पठाउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम संस्थाहरुले समय भित्र नविकरण नगराएमा कानून बमोजिम जरिवाना तिर्नु पर्नेछ ।

३. नविकरण गर्ने म्याद नाघेको ६ (छ) महिना सम्म प्रमाणपत्र नविकरण दस्तुर ५०%(पचास प्रतिशत) थप लाग्नेछ । म्याद नाघेको छैठौं महिनासम्म पनि नविकरण नभएमा १००% थप लाग्नेछ । *

**६. संस्था संग सहकार्य सम्बन्धी व्यवस्था :**

नगरपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यन्वयन गर्न प्रचलित कानूनको अधिनमा रही संस्थाहरुसंग सहकार्य गर्न सकिनेछ । सहकार्य सम्बन्धी विधि प्रक्रिया र शर्त तोकिए बमोजिम हुनेछ ।

## ७. संस्थाको सम्पत्ति :

१. संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्नसक्नेछ ।

२. संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरीत संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

३. उपदफा (२) बमोजिम सम्पत्ति फिर्ता गराउन प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ ।

४. उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछ ।

५. संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

## ८. संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेर :

१. संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासंग गाभिन उचित देखेमा कार्यसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न

संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२. साधारण सभा संचालनका लागि आवश्यक गणपुरक उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्तव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न तोकिएको अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ९. हिसाबको विवरण पेश गर्नु पर्ने :

कार्यसमितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## १०. हिसाब जाँच गर्ने :

१. प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्वारा जाँच गराउन सक्नेछ ।

२. हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

३. हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा

दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असूल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ । अन्य प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**११. निर्देशन दिने :**

नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड र सजाय :**

१. ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही १(एक) हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

२. दफा ९ बमोजिमको विवरण पेश नगरेमा कार्यसमितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही ५(पाँच) सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

३. दफा १०को उपदफा (३) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य

वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले एकहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

४. दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्य हेरफेर गरेमा वा अर्को संस्थासंग गाभिने गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारबाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

## १३. पुनरावेदन :

प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

## १४. संस्थाको विघटन र त्यसको परिणाम :

१. संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्ता संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकाको हुनेछ ।

२. उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व नगरपालिकाले व्यहोर्ने छैन ।

**१५. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी व्यवस्था :**

१. कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून बमोजिम गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्र कार्य गर्दा गोकर्णेश्वर नगरपालिका(काठमाण्डौं)बाट पूर्व स्वीकृति लिनुपर्नेछ। स्वीकृति प्रदान गर्ने प्रकृया तोकिए बमोजिम हुनेछ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :**

यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा सञ्चालन गर्नुपर्नेछ।

**१७. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ।

**१८. खारेजी र बचाउ :**

१. संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२. यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानूनसंग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

नगरसभाबाट स्वीकृत मिति : २०८०।०९।१३
प्रमाणिकरण मिति :२०८०।०९।२०
प्रकाशित मिति : २०८०।०९।२५

आज्ञाले,
टेकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत

प्रथम संसोधन
नगरसभाबाट स्वीकृत मिति : २०८१।०९।२९
प्रमाणिकरण मिति :२०८१।१०।१
प्रकाशित मिति : २०८१।१०।५

आज्ञाले,
यम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत